**बागमती प्रदेश सरकार**

**वन तथा वातावरण मन्त्रालय**

**हेटौडा, मकवानपुर**

## शुभकामना सन्देश

हामी नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल संवत ११४४, छठ, इद लगायतका चाडपर्वको अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, समृद्ध, शान्ति, सुस्वास्थ्य, दीर्घायू एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

वर्षभरि आइरहने चाडपर्वहरु नेपाली संस्कृतिका मौलिक विशेषता हुन ।भौगोलिक, जातिय, धार्मिक, भाषिक र सांस्कृतिक विविधताले भरिपूर्ण हाम्रो देशमा मनाइने मौलिक सांस्कृतिक पर्वहरुले सम्पूर्ण नेपालीहरु बीच आपसी सद्भाव, सहिष्णुता र भातृत्वको भावना अभिवृद्धि गर्दै राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन भूमिका खेल्नेछ ।यी पर्वहरुले व्यक्ति, परिवार र समाजलाई आपसमा जोड्दै सवल तथा समृद्ध राष्ट्र निर्माणमा अहम् भूमिका निर्वाह गर्नेछ । त्यसले सबै भाषा, धर्म, संस्कृति र चाडपर्वको संरक्षण एवम् सम्बर्द्धन गर्नु राज्य र सम्पूर्ण नेपालीको साझा दायित्व हो।

अन्तमा, पर्वहरुको मौलिकतालाई कायम राख्दै संस्कृतिको जगेर्ना गर्नु आजको आवश्यकता हो। हामीले हामी बीच विकसित भएका सकरात्मक परम्परा तथा पर्वहरु प्रति गौरव बोध गर्न सक्नु पर्दछ ।हाम्रो गौरवका यी महत्वपूर्ण चाडपर्वहरु आपसी सद्भाव, भाइचारा र मित्रवत सम्बन्ध विकास गर्ने अवसर प्रदान गर्ने पर्वका रुपमा मनाउन सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरु माहार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

२०८० साल असोज ३ गते शुक्रबार।

मसिना खड्का

**माननीय मन्त्री**